# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या २० मिति २०८०/०१/०९

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९**

कार्यपालिका बाट स्वीकृत मितिः २०८०/०१/०७

प्रमाणीकरण मितिः २०८०/०१/०९

**राप्ती सोनारी गाँउपालिका**

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९**

प्रस्तावना:

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। गाँउपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्न आवश्यक देखिएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी राप्ती सोनारी गाँउपालिका गाँउकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम " महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहनेछ।

(२) यो कार्यविधि राप्ती सोनारी गाँउपालिका गाँउकार्यपालिका बैठकले पारित गरेको मिति देखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यविधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" सम्झनु पर्दछ।

(ख) "छनौट" भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

(ग) "विदाई" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ। साथै यस शब्दले आमा समूहबाट छनौंट भई तालिम लिन बाँकी रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ।

(ङ) "स्वास्थ्य इकाई" भन्नाले राप्ती सोनारी गाँउपालिका स्वास्थ्य शाखा/इकाईलाई सम्झनु पर्दछ।

३. कार्यविधिको उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु तपसील बमोजिम रहेका छनः

१. स्वास्थ्य सम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गररे स्थानीय स्तरमा स्वास्थ्य समस्या समाधान गर्न महिलाहरुलाई सक्रिय बनाउने।

२. स्वास्थ्य कार्यक्रमहरुलाई समुदायसम्म पु¥याउन सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न इच्छुक स्वयंसेवीहरु तयार गर्ने।

३. समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाहरु प्रदान गर्न स्वयंसेवीहरु तयार गर्ने।

४. सामुदायिक स्वास्थ्यको विकासमा समुदायको सहभागिता अभिवृद्धि गर्ने।

५. स्थानीय स्तरमा स्वास्थ्य संचारिकाको रुपमा विकास गर्ने।

६. उपलब्ध स्वास्थ्य सेवामा माग वृद्धि गरी स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने।

## परिच्छेद २
## स्वयंसेविका छनौट तथा विदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

४. स्वयंसेविका छनौटका लागि योग्यता: (१) स्वयंसेविकाको छनौट बमोजिम देहायको योग्यता हुनु पर्नेछः

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तीमा ५ बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २२ बर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको विवाहित वा एकल महिला,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको,

(छ) कम्तीमा SLC वा SEE उत्तीर्ण गरेको।

(२) लोपोन्मुख, आदिबासी र दलित वर्गलाई प्राथमिकता दिईने।

५. स्वयंसेविका छनौटको प्रक्रियाः दफा ५ र ६ बमोजिम स्वयंसेविकाको पद रिक्त हुन गएमा तपसीलको प्रक्रिया अपनाई छनौट गर्नु पर्नेछः

(क) रिक्त रहेको स्थानको आमा समूहको भेला बोलाउने,

(ख) आमा समूहको सर्वसम्मत वा बहुमतबाट योग्यता पुगेका स्वयंसेविकाको सिफारिश स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य इकाई केन्द्रमा सिफारिस गर्ने,

(ग) स्वास्थ्य केन्द्र प्रमुखले सम्पूर्ण कागजात तथा प्रक्रिया रुजु गरी गाँउपालिकामा सिफारिस गर्ने,

(घ) विद्यमान कानूनको परिधिभित्र रही स्वास्थ्य शाखा/इकाईले प्रमुख प्रशासकीय समक्ष पेश गर्ने,

(ङ) सम्पूर्ण प्रक्रिया पुरा गरी कागजात समेत उचित भएमा नियुक्तिका लागि स्वीकृति दिने।

६. स्वयंसेविकाको विदाई: (१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछः

(क) राजीनामा दिएमा,

(ख) ६० बर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी विदाई लिएमा,

(घ) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पूनः छनौट नभएमा,

(ङ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य सघं संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोवास गरेको अवस्था रहेमा।

(छ) बिना सूचना लगातार ३ पटकसम्म स्वास्थ्य आमा समूहको बैठक नराखेमा वा अनुपस्थित भएमा।

(ज) शारीरिक अशक्तताका कारण असमर्थ भएमा।

(झ) कानूनी रुपमा फौजदारी अभियोग लागेमा।

(ञ) अन्यत्र बसाई सरी गएमा।

(ञ) मृत्यु भएमा।

७. स्वयंसेविकाको सेवा रद्ध गरिने: (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्ध गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले बिना सूचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ।

८. महिला स्वास्थ्य स्वयं सेविकाको भुमिकाः

१. महिला स्वास्थ्य स्वयंसेविकाको भुमिका मुलतः आफ्नो वडामा बसोबास गर्ने आमा तथा बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने कार्यहरुमा केन्द्रित रहने छ। स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यमद्वारा समुदायमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धी गर्ने तथा स्थानीय स्तरमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने सहयोगी कृयाकलाप गर्नु पर्नेछ।

२. स्वयंसेविकाहरुले परिवार नियोजन, सूरक्षित मातृत्व, नवशिशू स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरु, श्वास प्रश्वास तथा झाडापखाला रोकथाम तथा नियन्त्रण, वातावरणीय सरसफाई, स्वास्थ्य शिक्षा तथा अन्य राष्ट्रिय कार्यक्रमहरुमा सहयोगीको भुमिका निर्वाह गर्नु पर्नेछ।

३. नेपाल सरकार/प्रदेश सरकार र स्थानीय सरकारले निर्देशित गरको समुदायमा आधारित स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वयं सेविकाहरुले निर्धारित औषधी वितरण तथा रोगको व्यवस्थापन पनि गर्नु पर्नेछ।

४. अन्य क्षेत्रमा स्वयं सेविकाले निर्वाह गनूर्पर्ने भुमिकाको दायरा सम्बन्धित कार्यक्रम निर्देशिकाहरुद्वारा परिभाषित गरे अनुरुप हुनेछ। तर यसको लागि राप्ती सोनारी  गाउँ पालिकाको समन्वय र सहमती अनिवार्य पर्नेछ।

५. स्वयं सेविकाहरुले आफुले वर्षभरि गरेको कार्यको विवरण आफ्नो स्वास्थ्य आमा समूह तथा स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्छ।

६. स्वयं सेविकाहरुले आफुले गरेको कृयकलापहरुको प्रतिवेदन मासिक रूपमा तोकिएको दिनमा स्वास्थ्य संस्थामा स्वयम् उपस्थित भई बुझाउनु पर्छ।

७. प्रत्येक पॉच वर्षमा स्वास्थ्य आमा समूहले स्वयंसेविकालाई अर्को समयावधिको लागि पूनः छान्न सक्नेछन्।

८. महिला स्वास्थ्य स्वयंसेविकाले पालन गर्नपूर्ने आचार संहिता अनुसूची -१ अनुसारको हुनेछ।

## परिच्छेद ३
## सेवा सुबिधासम्बन्धी व्यवस्था

९. सेवा तथा सुबिधाः (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुबिधा दाबी गर्न पाउने छैनन् तर संघ तथा प्रदेश सरकारले पोशाक भत्ता, यातायात खर्च र प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ। प्राप्त हुने सेवा सुबिधा सकभर बैंक मार्फत उपलब्ध गराईनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची-२ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ। नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोशाक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाँउपालिकाले पोशाक खर्च उपलब्ध गराउने छ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम सेवा रद्ध भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुबिधा उपलब्ध गराईने छैन।

१०. उत्प्रेरणा सम्बन्धी व्यवस्थाः
(१) हरेक वर्ष मनाइदै आएको महिला स्वास्थ्य स्वयंसेविका दिवस लाई निरन्तरता दिइनेछ।
(२) प्रशंसनीय रुपमा कार्य गर्ने स्वयंसेविकालाई स्थानीय निकायसंग समन्वय गरी प्रोत्साहन स्वरुप प्रशंसापत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्ने प्रयास गरिनेछ।
(३) स्वयंसेविकाको परिचयको लागि बनाइएको चिन्ह, बोर्ड, परिचयपत्र, क्रम संख्या, पोशाकको राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिईनेछ।

## परिच्छेद ४
## विविध

११. सामुदायिक महिला स्वास्थ्य सेविकाको कामको अनुगमन तथा सुपरीवेक्षणः
(१) महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्बन्धी कृयाकलापहरुको समीक्षा गर्न तथा भावी योजना तर्जूमा गर्न स्वास्थ्य इकाईले ६/६ महिना (संभव भएसम्म कार्तिक र बैशाखमा) मा प्रत्येक चोटी २ दिनको अर्धवार्षिक योजना तथा समीक्षा बैठक सञ्चालन गर्नेछ।
(२) समीक्षा बैठकमा राप्ती सोनारी गाउँपालिकाका सम्पूर्ण स्वयं सेविकाहरुले भाग लिनेछन्। गाउँपालिकाको स्वास्थ्य इकाई प्रमूखले समीक्षा बैठक सञ्चालन गर्नु पर्नेछ।
(३) समीक्षा बैठकमा समसामयिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने, स्वयं सेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, योजना गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, रजिष्टरको पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धी तथ्यांक संकलन गरी (जस्तैः मातृमृत्यु, नवशिशु मृत्यु, परिवार नियोजन सेवा पाइरहको दम्पती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सरसामानको आपुर्ति गरिनेछ।
(४) समीक्षा बैठकमा स्वास्थ्य इकाई प्रमूखले प्रतिनिधि तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यलाई आमन्त्रित गर्न सक्नेछन्।
१२. अन्य छुट बिषय सम्बन्धीः यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा राप्ती सोनारी गाँउपालिका गाँउकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।
१३. संशोधन तथा खारेजी: राप्ती सोनारी गाँउपालिका गाँउकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्ने सक्नेछ।
१४. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची -१

## महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नपूर्ने आचार संहिता

क) अन्तर्राष्ट्रिय स्वयंसेवकको भावना अनूरुप स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मुल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोबलका साथ कार्य गर्नेछु ।

ख) आफ्नो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्य कार्यक्रममा संलग्न भई समूदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समूह प्रति इमान्दारी तथा जवाफदेही तथा प्रतिवद्ध भई पुर्ण रुपमा कार्य गर्नेछु ।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाइको प्रवर्द्धन गर्नेछु।

ङ) सिकेका ज्ञान र सीपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गॉउघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनेछु।

च) समुदायसंगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछु।

छ) सेवाग्राहीको गोपनियता कायम राख्नेछु।

ज) आर्जित ज्ञान र सीपलाई व्यक्तिगत फाइदाको लागि प्रयोग गर्ने छैन ।

झ) समुदाय, आमा र शिशूको उत्थानमा आफ्नो हृदय देखि नै लाग्नेछु।

ञ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदढ गर्न यथासक्य कोशिस गर्ने छु।

ट) महिला स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु।

ठ) समुदाय तथा ब्यक्तिको मान्यता र सस्कृतिलाई आदर गरी पक्षपात रहित सेवा दिनेछु ।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु।

ढ) महिला स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने नीति, नियमको पालना गर्नेछु।

ण) गाउँपालिका र अन्तर्गत संचालित कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु।

त) कूनै पनि तलवी कार्यमा नियूक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वतः बहिरगमन हुनेछु।

थ) जात, लिङ्ग, धर्म, भाषा, र उमेर, शारिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउछु।

द) आधिकारीक क्रार्यक्रमहरु हुँदा आफ्नो राजनैतिक विश्वास बारे प्रचारप्रसार गर्ने छैन ।

अनुसूची -२
दफा ६ (२) संग सम्बन्धित
स्वयंसेविकाले पाउने सुबिधा

| सि.नं. | क्रियाकलाप | बर्ष/महिना / पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयं सेवा सम्मान विदाई खर्च | २० वर्षभन्दा बढी अवधि सेवा गरेका | २०,०००।- | |
| | | २० वर्ष भन्दा कम अवधि सेवा गरेका | | |
| २ | मासिक बैठक एवं खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | वार्षिक | रु १२,०००।- | |
| ३ | पोशाक भत्ता | वार्षिक | रु १०,०००। | |
| ४ | प्रोत्साहन भत्ता | वार्षिक | रु १०,०००। | |
| ५ | कार्यरत महिला स्वास्थ्य स्वयंसेविका बीमा सहायता | प्रति वर्ष/प्रति परिवार (५ जनासम्म) | रु १,७५०।- | |
| ६ | खाजा खर्च | मासिक | रु १५०।- | |

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत